# १५. डा. छविलाल गजुरेल

*[संवत् २०४५ सालको पहिलो पुरस्कार 'जगदम्बा-श्री' श्री नारायण गोपाललाई र सोही सालको 'मदन पुरस्कार' 'ज्योतिज्योति महाज्योति' भन्ने ग्रन्थका लागि त्यसका रचयिता श्री दौलतविक्रम विष्टलाई समर्पण गर्न संवत् २०४६ साल आश्विन २० गते रोज ६ का दिन आयोजित समारोहमा डा. छविलाल गजुरेलले दिनुभएको प्रवचन। यो प्रवचन 'नेपाली' त्रैमासिक अङ्क १२० बाट उद्धृत गरिएको हो।]*

सम्माननीय प्रधानमन्त्रीज्यू, पुरस्कार विजेताद्वय दौलतविक्रम विष्ट तथा नारायण गोपालज्यू, गुठीका अध्यक्ष तथा सदस्य महानुभाव, आमन्त्रित विशिष्ट विद्वान र उपस्थित महिला तथा सज्जनवृन्द !

वि.सं. २०४५ को 'मदन पुरस्कार' वितरणको दिन घुमीफिरी आइपुगेको छ भने जगदम्बा-श्री पुरस्कार वितरण गर्ने पहिलो अवसर पनि आजकै दिन हुन पुगेको छ। मदन पुरस्कार गुठीले यी दुई पुरस्कार एकै दिन वितरण गर्ने निधो गरेको छ। प्रत्येक वर्ष भदौ लाग्दानलाग्दै नेपाली वाङ्मयको श्रीवृद्धिमा लागेका विद्वान्-विदुषी 'मदन पुरस्कार'को परिणाम सुन्न लालायित हुन्छन्, उत्सुक हुन्छन्। अब यसको साथै 'जगदम्बा-श्री' पुरस्कारले समेट्ने क्षेत्र पनि त्यत्ति नै कौतूहलपूर्ण वातावरणमा रहन थालेको छ। यी पुरस्कारहरूले पुरस्कार पाउनेहरूलाई खुसी त पार्छन् नै साथै नपाउनेहरूलाई पनि पुरस्कार पाउन आफूले अझै बढी साधना गर्नुपर्नेतिर इङ्गित गर्छन् जस्तो मलाई लाग्दछ। कुनै पनि मानिसले पुरस्कार पाउनकै लागि भनेर काम गर्दैन र गर्नु पनि हुँदैन। कृतिको जन्म भएपछि र आफूले गरेको योगदानको पल्ला अलि गह्रौं हुन थालेपछि चाहिँ मान्छेमा आफ्नो मूल्याङ्कन गराउन चाहने इच्छा जागृत हुँदो रहेछ। वास्तवमा पुरस्कार पाउन योग्य हुनु पनि एककिसिमको परीक्षामा उत्तीर्ण हुनु जस्तै हो। जीवनमा परीक्षाको कहिल्यै अन्त्य हुँदो रहेनछ। समुद्रका उत्ताल तरङ्ग जस्तै यस्ता परीक्षाहरू एकपछि अर्को गरेर जीवनका हरएक मोडमा आइरहँदा रहेछन् र अधिकांश परीक्षामा सफल हुन पनि गाह्रो हुँदोरहेछ। सायद यो शाश्वत सत्य पनि हो। एउटा वैज्ञानिकले आफ्नो प्रयोगशालामा सयौं परीक्षण गर्दछ र तिनमा कुनै एकमा ऊ सफल हुन्छ। तर जब सफलताले ढोका घच्घच्याउँछ

नव त्यसले कति खुसी र आनन्द बोकेर ल्याउँछ त्यो केवल अनुभव मात्र गर्न सकिने कुरा हो।

नेपालमा अहिले आएर धेरै प्रकारका पुरस्कारहरूको स्थापना भइसकेको छ। सबै पुरस्कार आफना आफना ठाउँमा राम्रा छन्, सुहाउँदा छन्। र पनि 'मदन पुरस्कार'को आफ्नै एउटा विशिष्ट स्थान रहेको छ। 'मदन पुरस्कार'ले नेपाली जनमानसमा एउटा गौरव र प्रतिष्ठाको स्थान जमाइसकेको छ। मलाई आशा छ, 'जगदम्बा-श्री'ले पनि चाँडै नै यस्तै प्रकारको स्थान ओगट्नेछ। उदारमना स्वर्गीय रानी जगदम्बाले आफना पतिको सम्झनामा स्थापना गरेको 'मदन पुरस्कार'बाट वि.सं. २०१३ देखि आजतक छयालीस व्यक्ति सम्मानित भइसकेका छन्। रानी जगदम्बाको इहलीला पश्चात् गुठीले उहाँकै संस्मरणमा स्थापना गरेको उत्तिकै रकमको 'जगदम्बा-श्री' पुरस्कार नेपाली भाषामा योगदान हुन सक्ने श्रव्य, दृश्य वा अरू किसिमका कृतित्वको क्षेत्र समेटेर हाम्रो अगाडि आएको छ। स्वर्गीय लेफ्टिनेन्ट जनरल मदनशमशेर र स्वर्गीय रानी जगदम्बालाई 'मदन र जगदम्बा-श्री' यी दुई पुरस्कारले युगयुगतक जीवन्त बनाउनेछन्। प्रत्येक वर्ष यी युगल जोडी हामीलाई आशीर्वाद दिन यस धर्तीमा आउनेछन्। हामी कृतकृत्य हुनेछौं।

नेपालले आफ्नो मौलिकताको परिचय दिन सक्ने क्षेत्र नै साहित्य, सङ्गीत, कला र संस्कृतिको क्षेत्र हो। विज्ञानको क्षेत्रमा अग्र पङ्क्तिमा पुगेर योगदान दिन नेपाललाई अझै केही समय लाग्ने देखिन्छ। यस दिशामा भर्खरभर्खर जस्तो पूर्वाधार तयार हुँदैछन्। विज्ञान र प्रविधिबाहेकका क्षेत्रमा नेपालको आफ्नै विशिष्ट मौलिकता र परम्परा छ। यसको श्रीवृद्धि गर्न धेरै नेपालीहरू लागेका छन्। यसको प्रमाण नेपाली भाषामा लेखिने र छापिने विज्ञान इतरका ग्रन्थहरूले दिइरहेका छन्। प्रतिवर्ष 'मदन पुरस्कार'को लागि प्राप्त हुने ग्रन्थहरूले पनि यसको पुष्टि गर्दछन्।

अब एकछिन हामी पुरस्कार बिजेतातिर फर्कौं। आज 'मदन पुरस्कार' पाउने व्यक्ति हुनुहुन्छ– दौलतविक्रम विष्ट। दौलतविक्रम विष्ट– नेपाली साहित्यमा एक चिरपरिचित नाम हो। उहाँको परिचय वि.सं. २००८ सालदेखि प्रकाशित उहाँले रच्दै आउनुभएका उहाँकै रचनाले दिइरहेका छन्। 'ज्योति ज्योति महाज्योति' यसको एक ज्वलन्त उदाहरण हो। उच्चस्तरीय उपन्यासको रचना गरेर नेपाली साहित्यको भण्डार भर्न उहाँले महत्त्वपूर्ण योगदान गर्नुभएको छ। म गुठीका तर्फबाट उहाँलाई साधुवाद अर्पण गर्दछु।

भनिन्छ, कसैको हस्ताक्षर हेरेर अमूक व्यक्तिको बारेमा धेरै कुरा जान्न सकिन्छ। त्यस्तै साहित्यकारको साहित्यिक कृतिलाई अध्ययन गर्दा उसको मनस्थिति, झुकाव, प्रवृत्ति बुझ्न सकिन्छ, उसको आर्थिक अवस्था र सामाजिक परिवेशको बारेमा बुझ्न सकिन्छ। समुद्रको सान्निध्य नपाएका हामी समुद्रको कल्पना गरेर लेख्नै सक्दैनौं। लेख्न खोजे पनि कृत्रिम भैदिन्छ किनभने समुद्रबारेमा हामीलाई कतिपय

कुरा थाहा नै छैन । सफल साहित्यकारले सरलभन्दा सरल भाषामा गहनतम विषयलाई उतारेर, मान्छेको भावानुकूल छायाङ्न गरेको हुन्छ । गीताञ्जली पढ्ने मलाई ठूलो धोको थियो । केही वर्षअगाडि पढ्ने अवसर पाएँ । पढ्दा त आश्चर्य आश्चर्य ! कविवरले सबै मैले भन्न खोजेका कुरा त त्यहाँ मीठो भाषामा भनिसकेका रहेछन् ! शायद मैले मात्र होइन म जस्तै करोडौंकरोड मनले सोचेका भावलाई त्यहाँ उतारिसकेको रहेछ । यो पनि सफल साहित्यको एक कसी हो जस्तो मलाई लाग्दछ ।

अर्नेस्ट हेमिङ्वेले सन् १९५४ मा 'दि ओल्ड म्यान एन्ड दि सी' नामक ग्रन्थ लेखेर 'नोबेल पुरस्कार' प्राप्त गरे । भनिन्छ, उनको त्यो ग्रन्थमा जुन सनसनाहटपूर्ण, कौतूहलपूर्ण सुरुवात थियो त्यसलाई उनले ग्रन्थको अन्त्यसम्म पुऱ्याएर छाडे । समीक्षकहरूले ग्रन्थको प्रकृतिबारेमा वर्णन गर्दा साहित्यमा यस्ता महत्त्वपूर्ण कुराको आवश्यकताको खाँचो देखाएका छन् । मलाई लाग्छ, 'मदन पुरस्कार' प्राप्त गर्ने साहित्यिक ग्रन्थले यस्तो भूमिका थोरबहुत निर्वाह गर्ने गरेका छन् ।

त्यस्तै आज 'जगदम्बा-श्री' प्राप्त गर्ने व्यक्ति हुनुहुन्छ श्री नारायणगोपाल । नारायणगोपालको नाम आज नेपालीको घरघरमा गुञ्जिएको छ । उहाँलाई साक्षात् नचिने पनि उहाँको नाम र स्वरबाट सबै नेपाली परिचित छन् । उहाँले जस्तोसुकै गीतमा पनि मिठास भर्न सक्नुहुन्छ, उहाँको स्वरलहरीमा जादू छ । त्यो जादूले धेरै नेपालीलाई लट्ठाएको छ । अनि धेरै युवायुवतीले नारायणगोपाल बन्ने धृष्टता गरेका छन् । तर विधिको विधान अनौठो छ । प्रकृतिले सबैलाई त्यो वरदान दिएको छैन । प्रकृतिले नदिईकन बल गरेर मात्रै कहाँ पाइन्छ र ? नारायणगोपालको स्वर मीठो हुनु, उहाँ सङ्गीतको साधनामा तीसौं वर्षदेखि लाग्नु, यसबाट नेपाली भाषाको सेवा हुनु आदि सबले नारायणगोपाललाई 'जगदम्बा-श्री' पुरस्कार योग्य बनाएका छन् । अझ उहाँले साहित्यको क्षेत्रबाट समेत सङ्गीतको सेवा गरेको कुरा त धेरैलाई थाहा छैन । उहाँ बधाईका पात्र हुनुहुन्छ । हामी सबैको यस्तै राय छ ।

'मदन पुरस्कार' र 'जगदम्बा-श्री' पुरस्कार प्राप्त गर्ने पुरस्कारविजेताद्वयबाट नेपाल र नेपालीले अझै धेरै आशा राखेका छन् । भविष्यका दिनमा अझ बढी योगदान गर्न पुरस्कारले उहाँहरूलाई प्रेरणा प्रदान गरोस् यही शुभ-कामना म गुठीको तर्फबाट र उपस्थित सबैका तर्फबाट व्यक्त गर्दछु ।

जय देश, जय नरेश !

⊠ ⊠ ⊠